## 2019 को जिल्ला परिषद साधारण निर्वाचन बारे संक्षिप्त जानकारी

### निर्वाचनको संक्षेप

### मतदानको मिति र समय

- मतदान दिन: 24 नोभेम्बर 2019(आईतबार)
- मतदान अवधि: बिहान 7:30 देखि रातीको 10:30 सम्म (तोकिएका जेलका मतदान केन्द्रहरु बाहेक, जँहा मतदानको समय बिहान 9:00 बजे देखि दिउसो 4:00 बजेसम्म हुनेछ ।)

### नामांकन अवधि

- उम्मेदवारको लागि नामांकन अवधि: 4 देखि 17 अक्टोबर 2019
- नामांकन फारमहरु दर्ता तथा निर्वाचन कार्यालय (“REO”) को वेवसाईट (www.reo.gov.hk) बाट डाउनलोड गर्न सकिन्छ वा निम्न कार्यालयहरूबाट प्राप्त गर्न सकिन्छ :

  (a) जिल्ला कार्यालयहरु

  (b) रिटर्निङ अफिसरहरुको कार्यालय

  (c) REO को कार्यालयहरु (10/F, हार्वर सेन्टर, 25 हार्वर रोड, वान चाई, हङकङ वा युनिटस् 2301-03 मिलिनियम सिटि 6, 23/F, 392 कुन तोङ्ग रोड, कुन तोङ्ग)

### कसले मत हाल्न सक्छन् ?

- हङकङमा स्थायी बसोबास गर्ने 18 वर्ष वा माथिका जो हङकङमा सामान्य रुपमा बसोबास गरिराखेका व्यक्तिहरुले मतदाताको रुपमा दर्ता गर्न सक्छन् ।

- सेप्टेम्बर 2019 मा प्रकाशित भौगोलिक निर्वाचन क्षेत्रको मतदाताको अन्तिम दर्ता सूचिमा नाम दर्ता मतदाताहरुले चुनावमा मतदान गर्न सक्नेछन् ।

**मत किन हाल्ने ?**

- जिल्ला परिषदको सदस्य छनौट गर्नको लागि जसले तपाईंको चासोको प्रतिनिधित्व गर्छ र जिल्ला मामिलामा सरकारलाई सल्लाह दिन सक्छ ।
- तपाईको नागरिक अधिकार प्रयोग गर्न र उत्तरदायित्वहरू पुरा गर्न ।

**मतदान प्रणाली**

- प्रत्येक मतदाताले सम्बन्धित क्षेत्रका एक जना उम्मेदवारलाई मात्र मतदान गर्नुपर्नेछ । निर्वाचन क्षेत्रमा सबैभन्दा बढी संख्यामा मत प्राप्त गर्ने उम्मेदवार छानिनेछ ।

**मतदान कहाँ गर्ने?**

- व्यावहारिक रुपमा प्रत्येक मतदातालाई मतदाताहरुको अन्तिम दर्तामा पंजीकृत उस/उनको आवासीय ठेगानाको नजिक एक नामित मतदान केन्द्र नियुक्त गरिनेछ ।
- हिरासतमा रहेका मतदाताहरुलाई दंडित संस्थानहरु या पुलिस स्टेशनहरु, जँहा उपयुक्त हुन्छ त्यहा नियुक्त मतदान केन्द्रमा मतदान गर्ने व्यवस्था मिलाईनेछ ।
- मतदान दिनको लगभग 10 दिन पहिले सम्बन्धित मतदाताहरुलाई एक मतदान कार्ड जारी गरिनेछ जसमा एक व्यक्तिगत मतदातालाई उसको नामित केन्द्र बारेमा जानकारी दर्शाईएको हुनेछ ।

- मतदान कार्डमा देखाईएको स्थानको नक्सामा यो निर्दिष्ट गरिनेछ कि एक निर्वाचकको आवंटित मतदान केन्द्र विशेष आवश्यकता भएका (व्हीलचेयर उपयोगकर्ता वा हिडडुल गर्नमा कठिनाई भएका व्यक्ति) मतदाताहरुको लागि सुलभ छ या छैन । यदि निर्धारित मतदान केन्द्र सुलभ छैन भने सो मतदाता REO को व्हीलचेयर उपयोगकर्ताको लागि सुलभ मतदान केन्द्रमा भोट हाल्नका लागि फ्याक्स(2891 1180),ईमेल (reoenq@reo.gov.hk), टेलिफोन(2891 1001) वा हुलाक ( 10/ फ्लोर, हार्बर सेंटर, 25 हार्बर रोड, वान चाई, हङकङ) द्वारा 19 नोभेम्बर 2019 (मंगलबार) भन्दा पहिले आवेदन दिन सक्छन् ।

**मतदान कसरी गर्ने?**

- 24 नोभेम्बर 2019 (आईतबार) मतदान समय अवधि (7:30 a.m. देखि 10:30 p.m.)भित्र तोकिएको मतदान केन्द्रमा तपाईको सक्कल हङकङ परिचय पत्र (“HKID”) वा अन्य तोकिएको वैकल्पिक कागजात(हरु) (कृपया मतदान पत्र संकलन गर्दा चाहिने कागजात(हरु) को विवरणको बारे तलको भागमा हेर्नुहोस्) लिएर आउनुहोस् ।
- मतदान केन्द्र भित्र रहेका मतदान कर्मचारीलाई तपाईको सक्कल हङकङ परिचय पत्र HKID वा अन्य तोकिएको वैकल्पिक कागजात(हरु) देखाउनुहोस् जसले तपाईको जानकारी मतदाताको अन्तिम दर्ता सूची अनुसार प्रमाणित गर्नेछ ।
- तपाईलाई एउटा मतपत्र दिईनेछ र एक कार्डबोर्डसँगै "✔"(टिक) चिन्ह् भएको चप पनि दिईनेछ ।
- मतकक्ष भित्र तपाईले मतपत्रमा चिन्ह लगाउनु पर्छ । कृपया मतदान कर्मचारीले दिएको निर्देशनहरू साथै मतकक्ष भित्र राखिएका सूचनाहरु र मतपत्रमा छापिएका निर्देशनहरू पालना गर्नुहोस्।

- तपाईले मतपत्रमा आफ्नो रोजाईको उम्मेदवारको नामको विपरितको गोलो घेरा भित्र चिन्ह लगाउन कार्डबोर्डसँगै भएको "✔"(टिक) चिन्ह भएको चपको प्रयोग अनिवार्य रूपमा गर्नुपर्छ ।
- मतपत्रमा चिन्ह लगाएपछि, सो मतपेटीकामा खसाल्नु अघि कृपया चिन्ह लगाएको "✔"(टिक) चिन्ह भित्र पटि छोपिने गरी मतपत्रलाई एक पटक दोबार्नुहोस् ।

**नोटहरु:**

(a) मतपत्रमा एक जना उम्मेदवारलाई मात्र मत दिनुहोस् ।

(b) उपलब्ध गरिएको चपको प्रयोग गर्नुहोस् । मतपत्रमा सचाउन कुनै पनि पेन वा अन्य माध्यमको प्रयोग नगर्नुहोस् । सो गर्नाले तपाईको मत रद्द हुनेछ ।

(c) यदि तपाईले मतपत्रमा चप लगाउदा कतै गलत गरेमा वा जानी जानी मतपत्र बिगारेमा ,तपाईले प्रिसेडिङ अफिसरलाई सो फिर्ता दिई अर्को माग्न सक्नु हुनेछ ।

- यदि मतदाताहरूलाई निर्वाचनको जानकारी बारे अनुवादको सहयोग चाहिएमा उनीहरूले अल्पसंख्यक जातीयहरूको लागि केन्द्र (“CHEER”) मा निम्न हटलाईनद्वारा 11 देखि 15 नोभेम्बर 2019 र 18 देखि 24 नोभेम्बर 2019 मा फोन गर्न सक्नुहुन्छ ।

| **भाषा** | **हटलाईन नं** |
|---|---|
| बाहासा ईन्डोनेशिया | 3755 6811 |
| हिन्दी | 3755 6877 |
| नेपाली | 3755 6822 |
| पन्जाबी | 3755 6844 |
| तागालोग | 3755 6855 |

| | |
|---|---|
| थाई | 3755 6866 |
| उर्दू | 3755 6833 |

**मतपत्र संकलन गर्दा चाहिने कागजात (हरू)**

- 10 डिसेम्बर 2018 देखि मतपत्र को लागि आवेदन दिने व्यक्तिले आफ्नो हङकङ परिचय पत्र ("HKID कार्ड") या निम्नलिखित निर्दिष्ट वैकल्पिक कागजात(हरु)को सक्कल प्रस्तुत गर्नु जरुरी छ:
  - (a) विशेष प्रशासनिक क्षेत्र ("HKSAR") वैध पासपोर्ट को सक्कल ; वा
  - (b) छूटको प्रमाणपत्र को सक्कल; वा
  - (c) HKID कार्डको आवेदन स्वीकृतिको सक्कल; वा
  - (d) समुद्रि कर्मचारीको वैध परिचय पुस्तिकाको सक्कल; वा
  - (e) भिषा उद्देश्यहरुका निम्ति व्यक्तिको परिचय खुलाउने वैध कागजातको सक्कल ; वा
  - (f) एक प्रहरी अधिकारीले उत्त व्यक्तिको HKID कार्ड हराएको वा नष्ट भएको कागजी प्रमाणको रिपोर्ट जारी गरेको (साधारणतया हराएका संपत्तिको एक रेकर्ड") या छूटको प्रमाणपत्र वा HKID कार्डको आवेदन प्राप्त गरेको सूचनाको प्रमाणको साथ, उसको नाम र फोटो देखाउने एक वैध पासपोर्ट वा यस्तै प्रकारको यात्रा कागजातको सक्कल (जस्तै कि HKSAR पासपोर्ट बाहेक अन्य पासपोर्ट वा  होम रिटर्न पर्मिट)।
- विवरणहरुका लागि, कृपया निर्वाचन मामला आयोगको (चुनावी प्रक्रिया) (जिल्ला परिषद) अधिनियम (क्याप 541F) को धारा 53 बाट संदर्भ लिनुहोस्।

**मतदाताहरूको लागि चेकलिस्ट**

- निम्नलिखित कुराहरु निषेध छ:

  (a) चुनावमा मतदान नगराउन, वा कुनै विशेष उम्मेदवारको लागि मतदान गर्न या मतदान नगर्नका लागि कुनै व्यक्तिद्वारा कुनैपनि प्रकारको लाभ (पैसा, उपहार, आदि सहित), भोजन, पेय या मनोरंजनको आग्रह स्विकार गर्नु वा गराउनु ।

  (b) कुनैपनि चुनावमा मतदान दिन, या कुनै विशेष उम्मेदवारको लागि मतदान दिन वा नदिनका लागि कुनैपनि व्यक्तिलाई लाभ, भोजन, पेय या मनोरंजन प्रदान गर्नु ।

  (c) कुनै चुनावमा मत दिने या नदिने या कुनै विशेष उम्मेदवारलाई मत दिन या नदिनका लागि कुनै व्यत्तिको विरुद्ध बल या अवरोधको प्रयोग गर्नु या धम्की दिनु ।

  (d) मतदानको हकदार नभएको थाहा भई पनि जानी-जानी चुनावमा मतदान गर्नु ।

  (e) जानबूझि या लापरवाहीसँग गलत या भ्रामक जानकारी (उदाहरणः गलत आवासीय ठेगाना) निर्वाचन अधिकारीलाई दिई चुनावमा मतदान गर्नु ।

  (f) अन्य मतदाताहरुसँग कुराकानी गर्नु साथै मतपत्रमा आफ्नो मत अरुलाई देखाउनु या मतदान केन्द्र भित्र इलेक्ट्रॉनिक संचारको लागि मोबाइल टेलिफोनहरु या कुनै अन्य उपकरणको प्रयोग गर्नु ।

  (g) मतदान केन्द्र भित्र भिडियो खिच्नु, तस्विरहरु लिनु या कुनै अडियो या भिडियो रेकर्डिङ गर्नु ।

  (h) अन्य मतदाताहरुलाई आफ्नो मतपत्रमा चिन्ह लगाई माग्नु - आवश्यक भएमा, तपाईले नेतृत्व अधिकारीसँग एक मतदान अधिकारीको उपस्थितिमा आफ्नो मतदान-पत्रमा चिन्ह लगाईदिन आग्रह गर्न सक्नुहुन्छ ।

  (i) मतदान गरिरहेका अन्य मतदाताहरुलाई हस्तक्षेप गर्नु ।

**स्वच्छ निर्वाचन**

भ्रष्टचार विरूद्ध स्वतन्त्र आयोगले(“ICAC”) लागू गरेको निर्वाचन (भ्रष्ट र अवैध व्यवहार) अध्यादेश (क्याप 554) अनुसार मतदाताले हङकङ भित्र वा बाहिर यी कुराहरू **गर्नु हुँदैन** :

- कुनै व्यक्तिलाई विशेष उम्मेदवारलाई मतदान दिन वा नदिन बिन्ती गर्नु वा निर्वाचनमा मतदान नगरेकोमा पनि फाइदा(उदाहरणको लागि पैसा,उपहार आदि) लिनु,खानपिन वा मनोरन्जनको सल्लाह दिनु वा स्वीकार गर्नु;
- कुनै पनि व्यक्तिलाई विशेष उम्मेदवारलाई मतदान गर्न वा नगर्न प्रेरित गर्न कुनै प्रकारका फाइदा (उदाहरणको लागि पैसा, उपहार आदि) लिनु,खानपिन वा मनोरन्जनको प्रस्ताव दिनु वा स्वीकार गर्नु;
- कुनै पनि व्यक्तिलाई निर्वाचनमा मतदान गर्न प्रेरित गर्नका लागि वा विशेष उम्मेदवारलाई मतदान दिन वा नदिनको लागि कुनै व्यक्ति विरूद्ध बल वा धम्की प्रयोग गर्न;
- मतदान गर्ने हकदार व्यक्ति होइन भन्ने थाहा हुँदाहुदै पनि मतदान गर्ने; वा थाहा भएर पनि लापरवाही तरीकाले निर्वाचन अधिकारीलाई गलत जानकारी (उदाहरणको लागि गलत निवासको ठेगाना) दिनु ।

ICAC को स्वच्छ निर्वाचन बारेमा समर्पित वेबसाइट छ र प्रासंगिक जानकारी (अंग्रेजी र चिनियाँ दुवैमा) प्रदान गर्दछ । यो लिङ्क www.icac.org.hk/elections हो ।